## मिति २०७८/११/०९ गते सम्पन्न ७१ औं कार्यपालिका बैठकका निर्णयहरु :

१. **प्रस्तावहरु :**

(क) नवप्रवर्तन साझेदारी कोष अन्तरगतका कार्यक्रम सम्बन्धमा,

(ख) नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा,

(ग) सुकुम्बासी, अव्यवस्थित बसोबासीको लगत भेरीफिकेशन तथा Data Entry गर्नेको पारिश्रमीक सम्बन्धमा,

(घ) स्वास्थ्य तर्फका कर्मचारीको दरबन्दी स्वीकृत सम्बन्धमा,

(ङ) आर्थिक विकास समितिबाट निर्णय भएका कृषि तथा पशुसेवा शाखा अन्तरगतका कार्यक्रम पारित तथा अनुमोदन सम्बन्धमा,

(१) खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम सञ्चालन
(२) मलको बिक्री मूल्य निर्धारण
(३) मकै प्रवर्द्धन कार्यक्रमको बजेट बाँडफाँड तथा कार्यक्रम संशोधन
(४) एकिकृत प्राङ्गारीक कृषि अनुसन्धान कार्यक्रम सञ्चालन
(५) कृषि विकास आवधिक योजना प्रमाणिकरण
(६) पशुसेवा शाखा अन्तरगतका कार्यक्रम

(च) मौरीको घार खरिदको स्थानीय दररेट संशोधन सम्बन्धमा,

(छ) विविध ।

(क) सहायकस्तरका कर्मचारीहरुको बढुवा अनुमोदन गर्ने सम्बन्धमा,
(ख) पर्यटन विकास क्षेत्रका कार्यक्रममा बजेट विनियोजन सम्बन्धमा,
(ग) वातावरण तथा विपद् व्यवस्थापन समितिका निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. १**

नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ अन्तरगत नव प्रवर्तन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन सम्बन्धी अवधारण पत्र पेश गर्न भनी बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सूचना प्रकाशन भएकोमा यस नगरपालिकाले तपसिलका उल्लेखित योजना सञ्चालन गर्न प्रस्ताव गर्नुको साथै निर्देशिका बमोजिम नगरपालिकाले व्यहोर्नु पर्ने लागत सहभागिता व्यहार्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

(क) ERP System and Centralized Server (Optical Fiber Connectivity with all Ward) System
(ख) मह प्रशोधन प्लान्ट स्थापना, दुग्ध पदार्थ प्रशोधन र ढाका उत्पादन कार्यक्रम सञ्चालन

**निर्णय नं. २**

निर्णय नं. २ बमोजिमका कार्यक्रमको तर्जुमा र कार्यान्वयन सहजीकरणको निमित्त तपसिल बमोजिमको नविनतम साझेदारी कोष कार्याक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | – संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (ग) | आर्थिक विकास समितिको संयोजक | – सदस्य |
| (घ) | सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक | – सदस्य |
| (ङ) | सूचना प्रविधि अधिकृत | – सदस्य सचिव |

**निर्णय नं. ३**

सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको प्रत्येक वडाबाट लगत संकलन गरीएकोमा अधिकांश लगत पूर्णरुपमा नभरीएको अवस्थामा प्राप्त भएकोले सोको सफ्टवयरमा प्रविष्टि गर्न समस्या भई त्यस्ता लगतहरुलाई सम्बन्धित व्यक्तिहरुलाई सम्पर्क गरी नपुग भएको विवरण भर्नु पर्ने भएकोले गरिब परिवार पहिचानको लागि गणकको वैकल्पीक उमेद्वारको सूचीमा रहेका व्यक्तिहरुलाई दैनिक ज्यालादारीमा ११ दिनको समयावधी दिई काममा लगाउने र निजहरुलाई फोन सम्पर्क गर्नको लागि प्रति व्यक्ति रु. ५००।- का दरले सञ्चार खर्च दिने गरी भएको निर्णयलाई अनुमोदन गर्दै वडाबाट अद्यावधिक भई आएका फारामहरुलाई सफ्टवयरमा प्रविष्टि गर्न कार्यालय समयमा भन्दा बाहेकको समयमा नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई लगाउने र निजहरुलाई प्रति फराम रु.५०।- का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपाल सरकारको स्थानीय तहको एक वडा एक स्वास्थ्य संस्था सञ्चालन गर्ने नीति बमोजिम यस नगरपालिकाका स्वास्थ्य चौकी नभएका वडाहरु १, ३, ४, ५, ७, ८, ९, ११ र १३ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भई सञ्चालनमा रहेका छन । प्रत्येक आधारभूत स्वास्थ्य केन्द्रमा अहेब, अनमी तथा कार्यालय सहयोगी १/१ जना कार्यरत रहेकाछन । यस नगरपालिकाले नगरपालिकाको संगठन संरचना निर्माण गर्दा आधारभूत स्वास्थ्य केन्द्रको कर्मचारी दरबन्दी समावेश नभएकोले ९ वटा आधारभूत स्वास्थ्य केन्द्रको लागि तपसिल बमोजिमका दरबन्दीलाई दशौं नगरसभाले नगरसभा नबसेको समयमा ागरसभाले गर्ने कार्य गर्नको लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरे बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | पद विवरण | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अहेब | चौथो/पाचौं | ९ | |
| २ | अनमी | चौथो/पाचौं | ९ | |
| ३ | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९ | |

**निर्णय नं. ५ :**

सशर्त अनुदान तर्फको खाद्यान्न वालीको उन्नत विउ उपयोगमा मूल्य अनुदान कार्यक्रममा रु. १८,००,०००।- विनियोजन भएकोमा उक्त कार्यक्रम सञ्चालनको लागि बिउ विजन उत्पादन, आपूर्ति र वितरण व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत भएता पनि सो निर्देशिका बमोजिम कार्यक्रम सञ्चालनका लागि आवश्यक डिजिटल प्रणाली हालसम्म तयारभई सञ्चालनमा आई नसकेको, यस वर्ष चैते धान बालीको सिजन शुरु हुन लागि सकेको वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै श्री कृषि तथा पशुपन्छी विकाश मन्त्रालयको मिति २०७८/०७/०५ गतेको उन्नत विउमा अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धमा गहुँ वालीको हकमा भएको परिपत्र बमोजिम नै चैते धान बालीमा समेत उन्नत बिउमा कृषकहरुलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया अगाडि बढाउन उपयुक्त हुने हुँदा चैते धानको उन्नत बिउमा अनुदान कार्यक्रम सञ्चालन गर्ने गरी भएको निर्णयको साथै आर्थिक विकास समितिको मिति २०७८/१०/०५ र २०७८/१०/१४ मा भएका सबै निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

स्थानीय तह मल वितरण व्यवस्थापन समितिको मिति २०७८/१०/०३ गतेको बैठकको निर्णयानुसार बढ्दो ढुवानी मूल्य, लोड अनलोड मूल्य तथा गोदाम घर भाडा आदिलाई मध्यनजर गर्दै साविकमा निर्धारण गरिएको रसायनिक मलको बिक्री मूल्यमा तपसिल अनुसार समायोजन गर्ने गरी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | विवरण | हालको मूल्य ( प्रति के.जी.) | हालको मूल्य ( प्रति बोरा) | समायोजन पछि कायम हुने मूल्य (प्रति के.जी.) | समायोजन पछि कायम हुने मूल्य (प्रति बोरा) |
|---|---|---|---|---|---|
| १ | युरीया | १८.१ | ९०५ | १८.४ | ९२० |
| २ | डि.ए.पी. | ४७.१ | २३५५ | ४७.४ | २३७० |
| ३ | पोटास | ३५.१ | १७५५ | ३५.४ | १७७० |

**निर्णय नं. ७ :**

आर्थिक विकास समितिको मिति २०७८/१०/२६ मा बसेको बैठकले चालु आ.ब. २०७८/७९ मा मकै उत्पादन प्रवर्द्धन कार्यक्रम (बाली बिकास) सञ्चालनका लागि तपसिल बमोजिमका शिर्षकहरुमा बजेट बाँडफाँड गर्ने र तपसिलको कार्यक्रम तथा बजेट विस्तृतीकरण तालिका कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | ईकाई | परिमाण | प्रति एकाई लागत | बजेट | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम अन्तरगत स्यालो ट्युववेल तथा सिंचाई कुलो मर्मत संभार | संख्या | १० | ७५,०००।- | ७,५०,०००।- | ८० % | |
| २ | कस्टम हायरिङ सेन्टर स्थापना अन्तरगत मकै सुकाउने ग्रेन ड्राएर | संख्या | १ | १२,००,०००।- | १२,००,०००।- | ५० % | |
| ३ | साना कृषि मेशिनरी औजार वितरण कार्यक्रम अन्तरगत | | | | | ५० % | |
| | (क) मकै रोप्ने सिड ड्रिल मेशिन | संख्या | १ | १,२५,०००।- | १,२५,०००।- | ५० % | |
| | (ख) मकै छोडाउने/रोप्ने मेसिन | पटक | १ | | २००।०००।- | ५० % | |
| ४ | मकै खेति तालिम कार्यक्रम | संख्या | ५ | ३५,०००।- | १,७५,०००।- | १०० % | |
| ५ | आर्थिक विकास समितिको बैठक | पटक | ३ | | ३०,०००।- | | |
| ६ | कार्यक्रम अनुगमन | पटक | २ | | २०,०००।- | | |
| | जम्मा | | | | २५,००,०००।- | | |

**निर्णय नं. ८ :**

मकै उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि कृषि कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम कस्टम हायरिङ सेन्टर स्थापना (५० प्रतिशत अनुदान) का लागि बढिमा रु. २,००,०००।- र साना कृषि मेशिनरी औजार वितरण कार्यक्रम (५० प्रतिशत अनुदान) का लागि बढिमा रु. २,००,०००।- खर्च गर्न सकिने प्रावधान राखिएको छ । खैरहनी नगरपालिका क्षेत्रभित्र कस्टम हायरिङ सेन्टर स्थापनामा मकै सुकाउने ड्रायर अनुदानमा वितरण तथा साना कृषि मेशिनरी औजार वितरण कार्यक्रममा मकै रोप्ने सिड ड्रिल मेशिन र मकै छोडाउने/रोप्ने मेसिन खरिद गरि कार्यक्रम सञ्चालन गर्नु अति आवस्यक एवं सान्दर्भिक देखिएको तर कार्यविधिमा उल्लेखित बजेट सिमा बमोजिम कार्यक्रम सञ्चालन गर्न असहज देखिएकोले अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धि व्यवस्था र मार्गदर्शनको अन्तर सरकारी वित्तीय हस्तान्तरणको बुदा नम्बर १९ मा व्यवस्था भए बमोजिम “सशर्त अनुदानको रकम उदेश्यमा फरक नपर्ने गरि स्थानीय तहबाटै कार्यक्रम संसोधन गर्न सकिने“ व्यवस्था अनुसार मकै उत्पादन प्रवर्द्धन कार्यक्रमको शिर्षक नं. २.१ मा मकै सुकाउने ड्रायर खरिद (५०% अनुदान) का लागि रु. १२,००,०००।- र कार्यक्रमको शिर्षक नं. ३ अन्तर्गतको ३.१ तथा ३.२ मा साना कृषि मेशिनरी औजार वितरण कार्यक्रम (५० % अनुदान) मा मकै रोप्ने सिड ड्रिल मेशिन र मकै छोडाउने/रोप्ने मेसिन खरिद का लागि रु. ३,२५,०००।- विनियोजन गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**
यस खैरहनी नगरपालिकाद्वारा चालु आ.व. मा कार्यान्वयन गरिने नगर कृषि कार्यक्रम तर्फको "एकिकृत प्राङ्गारिक कृषि अनुसन्धान कार्यक्रम" र प्रदेश सरकारद्वारा हस्तान्तरीत सशर्त कार्यक्रम "खैरहनी नगरपालिकामा प्राङ्गारिक खेती अनुसन्धान तथा प्रसार कार्यक्रम" को सान्दर्भिकतालाई हेरी मिति २०७८/१०/२६ मा बसेको आर्थिक विकास समितिको बैठकको निर्णय अनुसार उक्त कार्यक्रम कार्यान्वयनका लागि यस नगरपालिका क्षेत्रभित्र सञ्चालित नेपाल ग्रामिण पुनर्निर्माण संस्था (RRN, पान ३००७२५५३१) लाई कार्यक्रम सञ्चालनको लागि बजेट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :**
यस खैरहनी नगरपालिकाले तयार गरी विभिन्न मितिमा सरोकारवाला व्यक्ति तथा निकायहरुसंगको छलफलबाट अन्तिम रुप दिईएको आवधिक कृषि विकास योजनालाई प्रमाणीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**
नगरसभाले आ.व.२०७८/७९ को लागि दुधमा अनुदान उपलब्ध गराउन रु.२५,००,०००।- बिनियोजन गरेकोमा आर्थिक विकास समितिको मिति २०७८/१०/२६ को निर्णय अनुसार आर्थिक वर्ष २०७७/७८ मा विभिन्न सहकारीमा संकलन भएको दुध परिमाण ८७,०७,२०८ लिटरलाई आधारमानी सो रकम बाँडफाँड गर्ने निर्णय गरेकोले समितिको निर्णयानुसार प्रति लिटर रु.०।२९ का दरले उपलब्ध गराउने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**
यस नगरपालिकाले आर्थिक वर्ष २०७८/७९ को स्थानीय दररेट निर्धारण गर्दा कृषि विकास कार्यक्रम तर्फ १० फ्रेम मौरी सहितको मौरीघारको दररेटमा रु.१०,०००।- हुनु पर्नेमा भुलबस रु.१,०००।- मात्र उल्लेख भएकोले सो लाई संशोधन गरी रु.१०,०००।- कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**
दशौं नगरसभाले खैरहनी नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७८ पारित गरेको र सोही ऐनको आधारमा नगर कार्यपालिकाको कार्यालयमा कार्यारत तिन जना कर्मचारीहरुलाई एक तह स्तरवृद्धि गरी मिति २०७८/०९/३० मा दिईएको नियुक्तलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :**
यस नगरपालिकाको नगरसभाले आर्थिक वर्ष २०७८/७९ को बजेटमा पर्यटन पूर्वाधार शिर्षकमा रु.५०,००,०००।- बिनियोजन भएकोमा निम्नानुसारको योजनामा निम्नानुसारको रकम बिनियोजन गर्ने निर्णय गरियो ।
तपसिल :

(क) कंकाली सामुदायिक वनमा बाटो ढलान, बाल उद्यान निर्माण – रु. २५,००,०००।-
(ख) कुमरोज सामुदायिक वनमा घाँसे मैदान विस्तार, ताल मर्मत संभार – रु. १०,००,०००।-
(ग) कुचकुचे सामुदायिक वनमा पर्यटन मार्ग सुधार, पिकनिक स्पट र पार्क निर्माण – रु.१५,००,०००।-

**निर्णय नं. १५ :**
वातावरण तथा विपद् व्यवस्थापन समितिका विभिन्न समयमा भएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## मिति २०७७/०१/२६ गते सम्पन्न ४३ औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १ :**

नगरपालिका क्षेत्रभित्रको कवाडी सामान संकलन शुल्क संकलनको ठेक्का लिने संस्था G.N.G. Construction Pvt.Ltd. भरतपुर चितवनको मिति २०७६/११/२८ को निवेदन अनुसार यस प्रा.ली.ले बोलपत्र दाखिला गर्दा कर सहीतको कबोल अंक भनी रु.९,१६,१००।- मा बोलपत्र दाखिला गरेको र यस प्रा.ली.ले सम्झौता अनुसार दाखिला गर्नु पर्ने दुबै किस्ता रकम दाखिला गरी सकेको उक्त ठेक्का बमोजिम कर कार्यालयलाई तिर्नु पर्ने रकम बुझाई दिनु हुन भनी निवेदन परेकोमा उक्त प्रा.ली.ले बोलपत्र पेश गर्दा कर सहीतको रकम भनी दाखिला गरेको देखिएको र सोही अनुसार बोलपत्र स्वीकृत गरी सम्झौता भई कार्यान्वयन समेत भई सकेको, प्रा.ली.ले दुबै किस्ता रकम दाखिला गरी सकेको हुँदा दुबै पक्षका बीचमा सम्झौता हुँदा अन्यथा भएतापनि नियमानुसार हुने मू.अ.कर रकम रु.१,०५,३९२।- आन्तरिक राजस्व कार्यालय भरतपुरलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

नगरपालिकाको यस चालु आ.व.को नीति तथा कार्यक्रम अनुसार कोलोपत्रे सडकको काम नगरपालिकाबाटै ठेक्का प्रक्रियाद्धारा गर्ने व्यवस्था बमोजिम विभिन्न वडामा कालोपत्रे सडक निर्माणको काम बोलपत्रद्धारा ठेक्का बन्दोबस्तको प्रक्रियामा गई सकेकोछ । ठेक्का बन्दोबस्तद्धारा निर्माणको कार्य गराउँदा प्रतिस्पर्धा भई विभिन्न वडाको लागि बिनियोजन भएको तथा नगरपालिकाद्धारा तोकिएका योजनामा बिनियोजन भएको बजेट मध्ये बचत भएको बजेटबाट यस आ.व.मा कुनै पनि योजना सञ्चालन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी विधेयक समितिमा छलफल समेत भई पेश भएका निम्नानुसारका दिग्दर्शन तथा कार्यविधिहरुलाई संशोधन सहीत पारीत गर्ने निर्णय गरियो ।

- खैरहनी नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०७७
- घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७
- व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७
- खैरहनी नगरपालिकाको साझेदारीमा दुग्धजन्य उद्योगको स्थापना कार्यविधि, २०७७

**निर्णय नं. ४ :**

विश्वमा महामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस) का कारण नेपाल सरकारले पनि ११ चैत्र २०७६ देखि नेपालभर लकडाउन गरेकोछ । यस विषम परिस्थितिमा खैरहनी नगरपालिका भित्र बस्ने दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि नगरपालिकाले मिति २०७६/१२/२० देखी ऐ २३ गतेसम्म पहिलो चरणमा राहत वितरण गरेको र सो राहत वितरण कार्यको लागि भएको खर्च रु.२८,५२,६५०।- र मिति २०७७/१/८ देखी ऐ १० गतेसम्म दोस्रो चरणमा राहत वितरण गरेको र सो राहत वितरण कार्यको लागि भएको खर्च रु.४३,७९,०६१।५० समेत गरी जम्मा खर्च भएको रकम रु.७२,३१,७११।५० अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यही २०७७ बैशाख १ गते देखी लागु हुने गरी ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. | ईन्जिनियर | श्री सुमन श्रेष्ठ |
| २. | सर्भेयर | श्री सन्दिप थापा मगर |
| ३. | कम्प्यूटर अपरेटर | श्री प्रेम बहादुर सिलवाल |
| ४. | असिस्टेन्ट सव ईन्जिनियर | श्री धिरेन्द्र चौधरी (अस्थायी) |
| ५. | कम्प्यूटर अपरेटर | श्री अनितापन्त ढकाल |
| ६. | कार्यालय सहायक | श्री लिला रावल |

| | | |
|---|---|---|
| ७. | कार्यालय सहायक | श्री सिता सिवाकोटी |
| ८. | कार्यालय सहायक | श्री रञ्जना उप्रेती नेपाल |
| ९. | कार्यालय सहायक | श्री केशरी माया पाठक |
| १०. | कार्यालय सहायक | श्री कृष्ण प्रसाद पराजुली |
| ११. | कार्यालय सहायक | श्री गिता राई |
| १२. | कार्यालय सहायक | श्री महेश प्रसाद ढकाल |
| १३. | कार्यालय सहयोगी | श्री टेक बहादुर भण्डारी (अस्थायी) |
| १४. | कार्यालय सहयोगी | श्री बाल गोविन्द महतो (अस्थायी) |
| १५. | कार्यालय सहयोगी | श्री निर्मला घिमिरे (अस्थायी) |
| १६. | कार्यालय सहयोगी | श्री लक्ष्मी अर्याल (अस्थायी) |
| १७. | कार्यालय सहयोगी | श्री विष्णु प्रसाद अर्याल |
| १७. | कार्यालय सहयोगी | श्री तारा पाण्डे |
| १८. | कार्यालय सहयोगी | श्री गिता कडेल |
| १९. | कार्यालय सहयोगी | श्री मोनिका चौधरी |
| २०. | कार्यालय सहयोगी | श्री सुमित्रा चौलागाई |
| २१. | कार्यालय सहयोगी | श्री गोमा चौलागाई डोटेल |
| २२. | कार्यालय सहयोगी | श्री सुस्मा चौधरी |
| २३. | कार्यालय सहयोगी | श्री सुकमाया तमाङ्ग |
| २४. | कार्यालय सहयोगी | श्री सर्मिला सिलवाल |
| २५. | कार्यालय सहयोगी | श्री अप्सरा पोखेल |
| २६. | हलुका सवारी चालक | श्री भिष्मा चौधरी |
| २७. | हेभी सवारी चालक | श्री प्रकाश बहादुर श्रेष्ठ |
| २८. | सुरक्षा गार्ड | श्री कमल प्रसाद ढुङ्गेल |
| २९. | नगर प्रहरी | श्री टिका नारायण श्रेष्ठ |
| ३०. | सरसफाई कार्यालय सहयोगी | श्री दरेश मल्ली |

**स्वास्थ्य तर्फका कर्मचारीहरु**

| | | |
|---|---|---|
| ३१. | अहेब | श्री शर्मिला चौधरी |
| ३२. | अनमी | श्री लक्ष्मी शर्मा |
| ३३. | अनमी | श्री निर्मला महतो |
| ३४. | अनमी | श्री चन्द्रा कार्कि |
| ३५. | कार्यालय सहयोगी | श्री देवी वि.क. |
| ३७. | कार्यालय सहयोगी | श्री भगवती अर्याल |
| ३८. | कार्यालय सहयोगी | श्री अन्जली अर्याल |
| ३९. | कार्यालय सहयोगी | श्री कल्पना पाठक |

**दमकल तर्फका कर्मचारीहरु**

| | | |
|---|---|---|
| ४०. | दमकल चालक | श्री नमराज रिजाल |
| ४१. | हेभी सवारी चालक | श्री खेमनारायण श्रेष्ठ |
| ४२. | हेभी सवारी चालक | श्री राजकुमार चौधरी |
| ४३. | हेभी सवारी चालक | श्रीराम चौधरी |

**निर्णय नं. ६ :**

खैरहनी नगरपालिकाले स्थापना गरेको स्थानीय विपद् व्यवस्थापन कोषमा नगरपालिका अन्तरगतका सम्पूर्ण पदाधिकारीहरुले निम्नानुसारको रकम जम्मा गर्ने निर्णय गरियो ।

- नगर प्रमुख – रु.१००००।-
- उपप्रमुख – रु.७०००।-
- वडा अध्यक्ष – रु.५०००।-
- कार्यपालिका सदस्य – रु.२०००।-
- वडा सदस्य – रु.५००।-

**निर्णय नं. ७ :**

आजै यसै बैठकबाट पारित भएको खैरहनी नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०७७ को दफा १० को प्रतिबन्धात्मक वाक्याशं बमोजिम नगर कार्यपालिकाको कार्यालयको सुरक्षा गार्डमा कार्यरत नगर प्रहरी जवान श्री कमल प्रसाद ढुङ्गेललाई नगर प्रहरी हवल्दार पदमा नियुक्त गरी सोही कार्यविधिको दफा १६ बमोजिम नगर प्रहरी प्रमुखको जिम्मेवारी दिने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

नगरपालिकाले वडा नं. ५ मा रहेको गौचरणनको जग्गा संरक्षणको लागि बुढी राप्ती खोलालाई फर्काएर खोलाको नक्सा अनुसारको भागमा लैजानको लागि गत आ.व.मा उपभोक्ता समिति मार्फत सम्पन्न गरिएको काम र वडा नं. ७ र ९ को सिमानामा पर्ने पम्पा खोलालाई फर्काएर खोलाको नक्सा अनुसारको भागमा लैजानको लागि यस आ.व.मा उपभोक्ता समिति मार्फत सम्पन्न गरिएको काममा उपभोक्ता समितिबाट लागत सहभागीता व्यहोर्न नमानेको तर खोला खोल्ने काम सम्पन्न भई सकेको, उपभोक्ता लागत सहभागीता कै बिषयका कारणले गर्दा हाल सम्म पनि भुक्तानी हुन नसेकोले उक्त दुबै कार्यको लागि लाग्ने उपभोक्ता लागत सहभागीताको रकम दाखिला नगर्ने र सम्पनन भएको कार्यको आधारमा दुबै उपभोक्ता समितिलाई भुक्तानी दिने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।